# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, वैशाख १ गते २०५६ साल (अतिरिक्ताङ्क १

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नयाँ वर्ष २०५६ को शुभ उपलक्ष्यमा वैशाख १ गते देशवासीका नाममा बक्सेको सन्देश**

प्यारा देशवासीहरू,

नव वर्ष २०५६ को शुभारम्भमा स्वदेश र विदेशमा रहेबसेका समस्त नेपालीहरूको सुख, सुस्वास्थ्य र समृद्धिको लागि शुभकामना व्यक्त गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

नयाँ वर्षले हामीलाई विगतका अनुभव सङ्गालेर भएका कमी कमजोरीलाई सच्याई अघि बढ्ने अवसर प्रदान गर्दछ। गतवर्ष हामी नेपालीहरूका लागि अति नै पीडादायी रह्यो। देशमा हिंसात्मक गतिविधिहरू घटिरहेका छन्, विकासका पूर्वाधारहरू विध्वंसको चपेटमा परेका छन् र अर्थतन्त्रमा समेत नकारात्मक असर परेको छ। देशलाई विकासको शिखरमा पुऱ्याएर आफूलाई सुखी र समृद्ध बनाउने अठोट बोकेर हिंडेका नेपालीहरू अहिले हतोत्साह भएका छन्। राष्ट्रलाई यस सङ्कटबाट त्राण दिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आजको आवश्यकता भएको छ। यसको लागि प्रजातान्त्रिक अभ्यासद्वारा आपसी विश्वास, सहमति र सम्झदारीको परिधि फराकिलो पार्दै सबै नेपालीहरू राष्ट्र-भक्तिको मिलन विन्दुमा ऐक्यबद्ध हुनु परेको छ।

कुनै पनि शासन व्यवस्थाको मेरुदण्ड जनता हुन्। जनता नै परिवर्तनको संवाहक पनि हुन् भन्ने कुरा हामीले बिर्सनु हुँदैन। शान्ति, सुरक्षा र सुशासनको प्रत्याभूति दिई प्रत्येक नेपालीको जीवन यापन सहज गराउनु राज्यको प्रमुख जिम्मेवारी हो। सम्बद्ध सबै पक्ष यस प्रति संवेदनशील हुनु नितान्त जरुरी छ।

अन्तमा नेपाल अधिराज्यलाई माया गर्ने सबै नेपालीलाई बहुदलीय पद्धतिको माध्यमबाट समुन्नत राष्ट्रको निर्माण गरी नेपालीको शीर उँचो गर्नेतर्फ उत्प्रेरित हुन यस शुभ दिनले प्रेरणा देओस्– यही हाम्रो शुभकामना छ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।